**मिति २०७७ बैशाख १० गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माको अध्यक्षतामा बसेको जिल्ला स्तरीय Crisis Management Center को बैठकबाट भएका निर्णयहरु**

१. गृह मन्त्रालयको मिति २०७७/०१/०६ को पत्रानुसार अनुरोध भए बमोजिम सामाजिक सद्भावमा प्रतिकुल असर पर्ने गरी विभिन्न सञ्चार माध्यम तथा सामाजिक संजाल मार्फत प्रवाह हुने गलत सूचना नियन्त्रण तथा सामाजिक सद्भाव र धार्मिक सहिष्णुतामा आँच आउन नदिन प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने ।

२. गृह मन्त्रालयको च.नं. ३५९६ मिति २०७७/०१/०८ को पत्रानुसार विभिन्न स्थानहरुबाट सडक/बाटो अवरुद्ध भएको यसबाट अत्यावश्यक सेवा, शान्ति सुरक्षासँग सम्बन्धित सवारी साधन आवतजावतमा समेत प्रतिकुल असर पर्ने हुँदा यस जिल्ला भित्र सडक बाटो थुनछेक, अवरोध भएको भए अविलम्ब बाटो खुलाउने व्यवस्था गरी आवगमन सूचारु गर्ने ।

३. रामेछाप जिल्ला प्रवेश गर्ने खाद्यान्न, तरकारी लगायतका सामाग्रीहरु लिएर आउने सवारी साधनहरुलाई Sanitizeration गर्नको लागि भैसेश्वर चेकमा Post स्थापन गर्ने । यसको लागि नेपाल रेडक्रस सोसाइटीले Logist को व्यवस्थापन गर्ने साथै Sanitizeration सम्बन्धि कार्य गर्ने, उक्त कार्यमा मन्थली नगरपालिका र जिल्ला प्रहरी कार्यालयले आवश्यक समन्वय गर्ने ।

४. जिल्लामा पर्याप्त मात्रामा खाद्यान्न आपूर्तिको लागि व्यवसायीहरुलाई भविश्यमा हुन सक्ने खाद्यान्नको न्यून आपूर्तिलाई मध्यनजर गरी आवश्यक खाद्यान्न आपूर्तिको वातावरणको सृजना रामेछाप उद्योग बाणिज्य संघले गर्ने र सोको लागि आवश्यक सहजीकरण जिल्ला प्रशासन कार्यालय लगायत सुरक्षा निकायले गर्ने ।

६. विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को कारण हाम्रो देशमा पनि विभिन्न जिल्लामा संक्रमणको पुष्टि भएको छ । छिमेकी जिल्लामा भएको संक्रमणको कारण यस जिल्ला पनि उच्च जोखिममा रहेको अवगत नै छ । कोभिड-१९ को कारण विभिन्न स्थानमा हिडेर आवत जावत गर्ने क्रम बढेको, बाटोमा अपलपत्र परेका नागरिकहरुलाई उद्धार गर्ने क्रममा जिल्ला भित्रिने नागरिकहरुको सम्पूर्णको विवरण संकलन गर्ने, चेकजाँच गर्ने, चैत्र महिना भित्र भारत लगायत तेस्रो मुलुकबाट आएका, सक्रमण फैलिएको जिल्लाबाट हिडेर वा यातायात मार्फत आएका सबैलाई अनिवार्य रुपमा क्वारेन्टाइनमा बस्ने व्यवस्था मिलाउन तथा अन्यको हकमा सबैलाई Home quarentine मा राखी नियमित रुपमा Follow up को व्यवस्था गर्न स्थानीय तहलाई अनुरोध गर्ने । यसको लागि समन्वय स्वास्थ्य कार्यालय र सम्बन्धित पालिकाको स्वास्थ्य संयोजकले गर्ने । क्वारेन्टाइनको सुरक्षा सुरक्षाकर्मीले गर्ने ।

७. भारत लगायत तेस्रो मुलुकबाट आएका नागरिक र परिवारको RDT Test जिल्ला स्वास्थ्य कार्यालयले गर्ने ।

८. जिल्लामा लकडाउनको पूर्ण कार्यान्वयनको व्यवस्था गर्न स्थानीय तहलाई अनुरोध गर्ने ।

९. सामुदायिक स्वास्थ्य केन्द्र, नेपाल रेडक्रस सोसाइटी र रामेछाप उद्योग बाणिज्य संघले सुरक्षा कर्मीको साथमा लकडाउनको पूर्ण पालना गराउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी